नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbi.com.np

# प्रेश विज्ञप्ति

## पोखराको फेवाताल सौन्दर्यकरण तथा सरसफाईमा नेपाल एसबिआई बैंक लि. सहभागी हुने

आईतबार, भाद्र १९, २०७३

नेपाल एसबिआई बैंक लिमिटेड र पोखरा उपमहानगरपालिकाबीच विश्व प्रसिद्ध पर्यटन गन्तब्यको रुपमा परिचित पोखराको फेवातालको सौन्दर्यकरण तथा सरसफाई सम्वन्धि समझदारीपत्र सम्पन्न भएको छ । पोखरास्थित होटल ग्रयान्डीमा आज आयोजित एक कार्यक्रमका बीच बैंकको तर्फबाट नायव कार्यकारी अधिकृत एवं प्रमुख सञ्चालन अधिकृत श्री विजय कुमार त्यागी र पोखरा उपमहानगरपालिका कार्यालयका तर्फबाट नि. प्रमुख कार्यकारी अधिकृत श्री ओमराज पौडेलले उक्त समझदारीपत्र अदान प्रदान गर्नुभयो ।

समक्षदारीपत्र बमोजिम बैंकले फेवातालको किनार (बाराहीघाट देखि गैह्राको चौतारासम्म) मा हाल निर्माण भएको फुट ट्रयाकमध्ये १०० देखि २०० मिटर क्षेत्र वरिपरी अधिकतम १५ वटा विश्राम स्थल/अवलोकन सेड निर्माण गर्ने, सो वरिपरि आकर्षक बगैंचा तयार पार्ने र हरियालीको विकास गर्ने कार्य गर्नेछ । सोही समझदारीपत्र अन्तर्गत बैंकले उक्त स्थानमा स्थानीय एवं बाह्य पर्यटकको सुविधालाई ध्यानमा राखी महिला र पुरुषका लागि छुट्टाछुट्टै शौचालय, स्वच्छ पिउने पानी वितरण कक्ष, बैंकिङ्ग टर्मिनल कक्षको समेत निर्माण/विकास गर्नेछ । हाल बाराही घाटमा निर्मित उद्धार टावरको सौन्दर्यकरण तथा सोको वरपर न.पा.ले तोकेको क्षेत्रफलसम्मको Landscaping समेत बैंकले गर्नेछ । संरचना निर्माणका अतिरिक्त बैंकले निर्माण गरेको एवं सौन्दर्यकरण गरेको सम्पुर्ण संरचनाको ५ वर्षसम्म मर्मत संभार (Wear and Tear Maintenance) गर्ने जिम्मेवारी समेत बैंक स्वयंले निर्वाह गर्नेछ । उपरोक्त कार्यहरु आरम्भ गर्न बैंकलाई आजै कार्यादेश समेत प्रदान भएको छ ।

पोखरा उपमहानगरपालिकाले फेवातालको सौन्दर्यकरण र सरसफाई सम्वन्धी क्रियाकलापहरुमा सहकार्यका लागि उपयुक्त प्रस्ताव पेश गर्न मिति २०७३/०५/०६ को आदर्श समाज दैनिक, पोखरा मार्फत ईच्छुक फर्म, कम्पनी, संघसंगठनलाई आव्हान गरे बमोजिम बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अभियान अन्र्तगत उक्त क्रियाकलापहरु गर्ने भएको हो ।

कार्यक्रममा बैंकका प्रमुख संचालन अधिकृत (डिजिग्नेट) श्री शुभकान्त कानूनगो, प्रमुख वित्तीय अधिकृत श्री प्रियरंजन, नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. का प्रबन्ध संचालक तथा प्रमुख कार्यकारी अधिकृत श्री रमेश घिमिरे, शाखा प्रवन्धक श्री पुजनराज अर्याल, पोखरा उपमहानगरपालिका कार्यालयका तर्फबाट बरिष्ठ ईन्जिनियर श्री चन्द्र प्रकाश काफ्ले, प्रशासन विभाग प्रमुख श्री अनन्त कोइराला, फेवाताल संरक्षण आयोजनाका प्रमुख श्री महेन्द्र गोदार, लगायतको उपस्थिती रहेको थियो ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

68461

नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

नेपाल एसबिआई बैंक भारतीय स्टेट बैंकको सहायक कम्पनी हो । बैंकले हाल ७३ वटा व्यवसायिक इकाई (३ वटा क्षेत्रीय कार्यालय सहित) मार्फत सेवा प्रदान गर्दै आएको छ । हाल देशका विभिन्न स्थानमा बैंकका ८८ वटा एटिएम (२ सिडीएम सहित) रहेका छन् ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

रमेश घिमिरे
प्रमुख सुचना अधिकृत

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4435612

68462

**Press Release**

**Nepal SBI Bank to partner Beautification/landscaping and Cleaning of Fewa Lake**

Sunday, September 04, 2016

Nepal SBI Bank Ltd. (NSBL) has signed Memorandum of Understanding with Pokhara Sub-Metropolitan City for beautification and cleaning of Fewa Lake, a world famous tourist destination. Mr. V. K. Tyagi, Dy. CEO and Chief Operating Officer of Nepal SBI Bank Ltd. and Mr. Om Raj Paudel, Dy. Chief Executive Officer, Pokhara Sub-Metropolitan Office (PSMO) exchanged Memorandum of Understanding (MOU) amidst a ceremony held today at Hotel Grande Pokhara.

As per the Memorandum, the Bank will construct 15 resting/observation shades in the area up to 100 to 200 meters alongside the existing foot track of Fewa Lake (from Barahighat to Gahirako Chautara) and develop a attractive gardening and greenery around the area. To facilitate the domestic as well as international tourists, the Bank will construct separate toilets for ladies and gents, drinking water (hot & cold) distribution outlet, banking terminal, as per the MOU. Further, the Bank will decorate the existing Rescue Tower constructed at Barahi Ghat and as well as carry out landscaping works around the area as specified by the Sub-Metropolitan City. Apart from above, the Bank will take the responsibility of maintenance of wear and tear of the constructed/renovated area/amenities for a period of 5 years. Further, the Bank has been provided with the permission to initiate the respective work today itself.

Pokhara Sub-Metropolitan City vide their notice dated 2073.05.06 BS published in Aadarsha Samaj Daily, Pokhara invited Letter of Intent from the interested Firms, Company, Corporate Bodies for partnering the process of landscaping/beautification of Fewa Lake and waste management. The Bank as a part of its Social Responsibility Initiatives (CSR) is going to partner with the Pokhara Sub-Metropolitan Office for performing the services.

Mr. Subhakanta Kanungo, Chief Operating Officer (Designate), NSBL, Mr. Priya Ranjan, Chief Financial Officer, NSBL, Mr. Ramesh Ghimire, MD & CEO of Nepal SBI Merchant Banking Ltd.(NSMBL), Mr. Pujan Raj Aryal, Branch Manager, NSBL Pokhara and Mr. Chandra Prakash Kafle, Sr. Engineer, Pokhara Sub-Metropolitan Office, Mr. Ananta

नेपाल एसबिआई बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licensed by Nepal Rastra Bank)
CORPORATE OFFICE: HATTISAR, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website:www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

Koirala, Head Administration Department, Pokhara Sub-metropolitan Office, Mr. Mahendra Goddar, Chief Fewalake Conservation Project were present on the occasion.

Nepal SBI Bank Ltd. is subsidiary of State Bank of India. The Bank is providing banking services from its 73 Offices including 62 Branches, 7 Extension Counters, 3 Regional Offices and a Corporate Office and 88 ATMs (including 2 CDMs) all over the country.

Ramesh Ghimire
Chief Information Officer

Phone: 01-4435516, 4435613, Fax 00977-1-4435612

68465